# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१५१


प.सं. ०८०/०८१
च.नं.

२०८०/१०/१८

# सूचना ! सूचना !! सूचना !!!

## अखाद्य कटन क्यान्डी तथा लेबल बिनाको खाद्य बस्तुहरुको बिक्री वितरण प्रतिबन्ध गरिएको सूचना।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मिति २०८०/१०/०८ मा प्रकाशित सूचनाबमोजिम खुल्ला रुपमा बिक्री वितरण भइरहेको रङ्गिन कटन क्यान्डी (cotton candy) मा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने अखाद्य रङ्ग रोडामाइन बि प्रयोग भएको प्रयोगशाला जाँचबाट पुष्टी भएको हुँदा खाद्य विभागबाट अनुज्ञापत्र प्राप्त गरी लेबल लगाएका बाहेक खुल्ला रुपमा बिक्री वितरण गरिएको कटन क्यान्डी लगायत बिना लेबलका अन्य कुनै पनि खाद्य बस्तुहरु उपभोग नगर्न तथा बालबालिकाहरुलाई समेत नदिनुहुन सम्पूर्ण उपभोक्ता वर्गमा इटहरी उपमहानगरपालिका अनुरोध गर्दछ।

साथै यस प्रकारको अखाद्य रङ्गको प्रयोग गरी कटन क्यान्डी उत्पादन तथा बिक्री वितरण नगर्नु नगराउनु हुन, र कुनै पनि खाद्य बस्तुहरु बिना लेबल बिक्री वितरण नगर्नुहुन सबैमा सूचित गरिन्छ। यस सूचनाको अवज्ञा गरी प्रतिबन्धित बस्तुहरु बिक्री वितरण गरिएको पाइएमा सो बस्तुहरु जफत गरी कानुनबमोजिम कारबाही हुने ब्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत (सह-सचिव)